# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## गौशाला नगरपालिका

## महोत्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.१ र प्रदेश प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २३७

मिति : २०७७।३।३१

श्री नगर प्रमुखज्यू,
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।०७७ मिति: २०७७।३।३१

च.नं २३७

श्री नगरप्रमुखज्यू,
गौशाला नगरपालिका
महोत्तरी ।

## विषय: लेखापरीक्षण प्रतिवेदन

### कैफियत सहितको राय

हामीले गौशाला नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ९ करोड ७० लाख ६५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ३५ लाख १८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४ करोड ६ लाख ७८ हजार नियमित गर्नुपर्ने रु १ करोड ९३ लाख पेश्की बाँकी रु २ करोड ३५ लाख ६९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६ ।१०।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना ५४ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..................................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# गौशाला नगरपालिका
## लेखापरिक्षण प्रतिवेदन
## २०७५।०७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नुनै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १२ वडा, ६५ सभा सदस्य रहेका छन् । १४४.७३ व.कि.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ६६६७७ रहेको छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गौशाला नगरपालिकाले प्राप्त गरेका आय,अनुदान तथा साहायता र स्थानीय सरकारबाट संचालन भएको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | **गत वर्षको जिम्मेवारी** | | ९७९५४६१२।३७ | | **चालु खर्च** | | ३३७८८२७५३।२४ |
| | क) नगद | | | | सामाजिक सुरक्षा | ६८९३७०००।०० | |
| | ख) बैंक | ९७९५४६१२।३७ | | | बहुक्षेत्रिय पोषण कार्यक्रम | २००००००।०० | |
| | **राजश्व (आन्तरीक आय)** | | ११७१०३१२८।८६ | | सशर्त अनुदान | १४९९५८८९१।८८ | |
| | क) आन्तरीक राजश्व | २२६५९१२९।८६ | | | सेवा निवृत्त संचित विदा | ६०९०९८।०० | |
| | ख) राजश्व बांडफांड | ९४४४३९९९।०० | | | औषधी उपचार | ५०६८९९।०० | |
| | ग) अन्य आय | | | | संघ राजश्व बांडफांड | ७१२३३५६२।३६ | |
| | **वित्तिय हस्तानान्तरण** | | ३७४९९२०००।०० | | आन्तरीक चालु | ६६६८९३५।०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १७०२०००००।०० | | | कन्टीजेन्सी खर्च | ४३१८३६७।०० | |
| | ख) सशर्त अनुदान | २०४७९२०००।०० | | | राष्ट्रपति चुरे कार्यक्रम | १५६७५०००।०० | |
| | ग) समपुरक अनुदान | | | | प्रधान्मन्त्री रोजगार कार्यक्रम | ४१७००००।०० | |
| | घ) विशेष अनुदान | | | | स्थानीय पुर्वाधार | १२५०००००।०० | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १७००५०००।०० | | LGCDP | ३०५०००।०० | |
| | क) वित्तिय समानीकरण अनुदान | | | | किशोरी शिक्षा | १००००००।०० | |
| | ख) सशर्त अनुदान | १००००००००।०० | | | अन्य खर्च कोष | | |
| | ग) समपुरक अनुदान | | | | **पुंजीगत खर्च** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | | | | बित्तिय समानिकरण | १६२५३११०३।१८ | २२६२१२३४१।८० |
| | ङ) प्रदेश राजश्व बांडफांड | ७००५०००।०० | | | राजश्व बांडफांड | | |
| | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | आन्तरीक कोष | | |
| | **वित्तिय व्यवस्था प्राप्ती** | | | | प्रदेश सरकार | १००००००००।०० | |
| | क) ऋण प्राप्ति | | | | झोलुङ्गे पुल | ३७००००००।०० | |
| | ख) सांवा प्राप्ती | | | | मधेश समृद्धी कार्यक्रम | ५०००००००।०० | |
| | ग) ब्याज प्राप्ती | | | | वित्तीय समानीकरण (गत बिगत) | ४४९८१२३८।६२ | |
| | घ) अन्य प्राप्ती | | | | | | |
| | **विभिन्न कोष तर्फको आय** | | | | वित्तिय व्यवस्था भुक्तानी | | |
| | जनसहभागिता (नगद) | | | | क) ऋण भुक्तानी | | |
| | विषयगत निकायबाट प्राप्त रकम | | | | ख) ब्याज भुक्तानी | | |
| | धरौटी आय | | ४६६५२०८।५० | | ग) अन्य भुक्तानी | | |
| | सामाजिक सुरक्षा | | ६८९३७०००।०० | | शेयर लगानी | | |
| | स्थानीय पूर्वाधार कार्यक्रम | | १२५००००००।०० | | धरौटी फिर्ता | | ९३१७५०।०० |
| | झोलुगें पुल | | ३७००००००।०० | | | | |
| | मधेश समृद्धी कार्यक्रम | | ५०००००००।०० | | | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | | २००००००।०० | | कोष खर्च | | |
| | सेवानिवृत्त संचित विदा कार्यक्रम | | ६०९०९८।०० | | मौज्दात | | १६१०९६१०१।६९ |
| | सेवा निवृत्त औषधी उपचार | | ५०६८९९।०० | | क) नगद मौज्दात | | |
| | LGCDP | | ३०५०००।०० | | ख) बैंक मौज्दात | १५७३६२६४३।१९ | |
| | किशोरी शिक्षा | | १००००००।०० | | धरौटी मौज्दात | ३७३३४५८।५० | |
| | प्रधान्मन्त्री रोजगार कार्यक्रम | | ४१७००००।०० | | | | |
| | राष्ट्पति चुरे कार्यक्रम | | १५६७५०००।०० | | | | |
| | जम्मा : | | ७२६१२२९४६।७३ | | | | ७२६१२२९४६।७३ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७६ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :-</td><td></td></tr>
<tr><td></td><td>आन्तरिक आय तर्फ लेखापरीक्षणको क्रममा देहायबमोजिम रु ९४७३२०.०० रकम असुलउपर भई बेरुजु बापत राजश्वमा दाखिला भएको छ :-
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१</td><td>वडा नं. ९ ,वडा सचिव राम नरेश यादव</td><td>१५९१०.००</td></tr>
<tr><td>२</td><td>वडा नं. ६,वडा सचिव राम नरेश यादव</td><td>६०६००.००</td></tr>
<tr><td>३</td><td>वडा नं.५,वडा सचिव शिव नारायण महासेठ</td><td>५८६६३.००</td></tr>
<tr><td>४</td><td>वडा नं. १,वडा सचिव ईश्वर कुमार निरौला</td><td>९९५००.००</td></tr>
<tr><td>५</td><td>वडा नं. २,वडा सचिव राम कुमार यादव</td><td>५१७८७.००</td></tr>
<tr><td>६</td><td>वडा नं. १,वडा सचिव धर्मराज बस्नेत</td><td>३९७६५.००</td></tr>
<tr><td>७</td><td>वडा नं. १०,वडा अध्यक्ष शेष मो. जलिल</td><td>४०१६५.००</td></tr>
<tr><td>८</td><td>वडा नं. ११,वडा सचिव राम कुमार यादव</td><td>२२४४०.००</td></tr>
<tr><td>९</td><td>वडा नं. ८,वडा सचिव ईश्वर कुमार निरौला</td><td>१९६३००.००</td></tr>
<tr><td>१०</td><td>वडा नं. ८,वडा सचिव जनक बहादुर लुङगेली</td><td>४३४३०.००</td></tr>
<tr><td>११</td><td>वडा नं. ५,वडा सचिव जनक बहादुर लुङगेली</td><td>१८७६०.००</td></tr>
<tr><td>१२</td><td>ना.सु. रेखा सुवेदी तालिम पेश्की दाखिला</td><td>३०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९४७३२०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१.</td><td>गत बर्षको जिम्मेवारी नभिडेको : गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिडनुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु ९९९८६८८०।९९ रहेको देखियो । सोही रकम नै यो वर्षको शुरु मौज्दात हुनुपर्नेमा रु ९७९५४६१२।३७ जिम्मेवारी सारेकोले रु २०३२२६८।६२ घटी देखाएको छ । अ.ल्या. जिम्मेवारी घटी सारेको सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु</td><td>२०३२२६८.६२</td></tr>
<tr><td>२.</td><td>आर्थिक बिवरण : कार्यालयले आर्थिक कारोवारको बजेट खर्च शिर्षकको परिधि भित्र रही खर्च गर्नुपर्ने र बजेट खर्च शिर्षक अनुसार प्रत्येक महिनामा म.ले.प. फारम नं. १३ खर्चको फाँटवारी तयार गरी तालुक निकायमा प्रतिवेदन गर्नु पर्दछ । नगरपालिकाले यस बर्ष खर्चको फाँटवारी तयार गरेको छैन । यसबाट सम्बन्धित खर्च शिर्षक भित्र रही खर्च गरेकोछ भनी बिश्वस्त हुने आधार रहेन ।आर्थिक बिवरणको अभिन्न अँग खर्चको फाँटवारी र बैंक हिसाव मिलान बिबरण मासिकरुपमा तयार गरी नियमसम्मत र पारदर्शिरुपमा खर्च गर्न ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक लेखापरीक्षण : आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्योट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको छैन । सशर्त अनुदान तर्फको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सशर्त अनुदानको मात्र आन्तरिक लेखापरीक्षण भएको तर बित्तिय समानिकरण राजस्व बाँडफाड लगायत अन्य शिर्षकको आन्तरिक लेखापरीक्षण गराएको छैन । चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई</td><td></td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | समेत समय र लागत बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५।७६ को आय व्ययको विवरण २०७६।३।१० मा सभामा पेश गरेकोमा २०७५।....।.....मा सभावाट स्वीकृत भएको देखियो । | |
| ५. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार नगरेको** : स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुरुप लेखा तयार गरी प्रतिवेदन गरेको देखिएन । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखा राख्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ६. | **विद्युतीय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त सफ्टवेयरको प्रयोग गरेको देखिएन । लेखाप्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्दछ । | |
| ७. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगर सभावाट वजेट स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृत लाई २०७५।..... मा खर्च गर्ने अख्तियार दिएको देखियो | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा नगरेको,<br>● जिन्सी निरीक्षण गरी प्रतिवेदन नदिएकोले जिन्सीको हिनामिना तथा दुरुपयोग हुन सक्ने,<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये ८२.८७ प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय दररेट निर्धारण गर्दा ज्यामी ज्यालामा जिल्ला दररेट भन्दा बढाएको र बालुवा, ग्राभेल र | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | गिटीको दररेट नघटाएकोले निर्माण लागत बढ्न गएको,<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि अर्धवार्षिक रुपमा मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री र ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अनुपात मिलाई खर्च गरेको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीको पद अनुसार कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• वडा कार्यालयको राजश्व असुली दाखिला भिडान नगरेकोले राजस्व बाँकी रकम औल्याई ले.प. क्रममा दाखिला गर्न लगाएको । | |
| ९. | **जिन्सी अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा जिन्सी मालसामान र तत्सम्वन्धी श्रेष्ता भण्डार अधिकृत वा भण्डार सहायकको जिम्मामा रहने गरी नियम ४७ वमोजिम कार्यालययमा प्राप्त भएका जिन्सी मालसामानको स्पेशीफिकेशन समेत खुलाई आम्दानी बाँधी हिनामिना र दुरुपयोग नहुने गरी संरक्षण गर्नु पर्ने कर्तव्य स्टोर प्रमुख र कार्यालय प्रमुखको हुने उल्लेख छ । नगरपालिकाबाट खरिद गरी वा अन्य प्रकारले प्राप्त भएको सामानहरु खर्च भएर नजाने जिन्सी खाता म.ले.प.फा.नं. ४७ र खर्च भएर जाने खाता म.ले.प.फा.न. ५२ मा सामानको प्रकृति, किसिम अनुसार आम्दानी अभिलेख राख्नुपर्नेमा केही सामानहरु जिन्सीमा आम्दानी नबाधी खर्च लेख्ने गरेको र वडा कार्यालयको लागि खरिद भएको मालसामानको दाखिला गर्ने गरेको देखिएन । त्यसैगरी मोवाईल, ल्यापटप,कम्प्युटर, प्रिन्टर, मोटरसाईकल जस्ता सामानहरु को-कसको जिम्मामा रहेको सहायक जिन्सी खातामा अभिलेख गरी बुझाउनु पर्ने र सरुवा भई गएमा फिर्ता लिनुपर्नेमा सहायक जिन्सी खाता राखेको देखिएन । जिन्सी सामानको हिनामिना र दुरुपयोग हुन नदिने गरी संरक्षण गर्न खप्ने र नखप्ने प्रकृतिको सामानहरु छुट्याई जिन्सी खाता म.ले.प.फा.नं. ४७ र ५२ मा स्पष्टरुपमा अभिलेख राखी जिन्सी निरीक्षण गरी गराई सोको प्रमाण पेश गर्नुपर्दछ। | |
| १०. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ११. | **राजस्व लेखा र श्रेस्ता सम्बन्धमाः** आर्थिक कार्यविधि २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व श्रेस्ता सम्बन्धमा उल्लेख गरिएको छ । कार्यालयले यस वर्ष प्राप्त गरेको विभिन्न किसिमका राजस्व (मालपोत दस्तुर, पञ्जीकरण शुल्क आदि) आर्जन गरेकोमा रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टिको लागि प्रयोग गरीने दैनिक आम्दानी खाता ( म.ले.प.फा.नं. १०८) खाता तथा विवरण राखेको पाईएन । यस्तो अवस्थामा राजस्व आम्दानी लक्ष्य अनुसार भयो भएन एकिन गर्न सकिदैन र राजस्व दाखिला भएको रकमलाईनै वास्तविक आय मान्नुपर्ने हुँदा राजस्व संकलनमा अनियमितता हुन सक्ने सम्भावना हुन्छ । लेखापरीक्षण क्रममा राजश्व शाखा र वडा कार्यालयको राजश्व असुली रकम दाखिला गरेको नदेखिएकोले ले.प. क्रममा रु६४७३२०।०० असुलउपर गरिएको छ । अतः कार्यालयले आ.व. ०७४।७५ को वडागत राजस्व सम्बन्धमा छानविन गरी उल्लेखित खाता राखि राजस्व श्रेस्ता अद्यावधिक गरी राजस्व संकलनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ । | |
| १२. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३. | **कानून निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु स्थानिय राजपत्रमा प्रकाशित गरेको नपाईएकोले तर्जुमा भएका कानूनहरु राजपत्रमा प्रकाशित गरी कार्यनवयनमा ल्याउनु पर्दछ । | |

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | आर्थिक ऐन,२०७५ |
| २. | विनियोजन ऐन, २०७५ |
| ३. | न्याय सम्पादन ऐन, २०७५ |
| ४. | सहकारी ऐन, २०७५ |
| ५. | प्रशासकीय कार्यविधि,२०७६ |
| ६. | जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गसम्बन्धि कार्यविधि, २०७६ |
| ७. | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्भधी कार्यबिधि, २०७५ |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | ८. स्थानीय स्वास्थ्यतथा सरसफाई कार्यविधि,२०७६ | |
| | ९. तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ | |
| | १०. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | |
| | ११. अपाङ्गता परिचयपत्र कार्यविधि,२०७५ | |
| | १२. विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७५ | |
| | १३. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| १४. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा २७ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले १९ वटा मुद्दा फछ्र्यौट गरेको, ३ वटा मुद्दामा जिल्ला अदालत जान सल्लाह दिएको र ५ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको जानकारी गराएको छ । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| १५. | **योजनागत लक्ष्य प्रगति** : नगपालिकालाई यस आ.व. मा नगरसभाबाट स्वीकृत योजना र कार्यालयबाट कार्य सम्पन्न योजना र अधुरा तथा कार्यन्वयन नभएका योजनाको बिवरण माग गरिएकोमा बिवरण पेश हुन आएन । विवरण पेश नभएकोले यस सम्वन्धमा बिश्लेषण गर्न सकिएन । | |
| १६. | **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा ४.३३ प्रतिशत, दोश्रो चौमासिकमा७.११ प्रतिशत र तेश्रो चौमासिकमा ८२.८७ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ......... प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | १७०२०००००.०० | ७३७२५३७.०० | १२१०९२६८.५० | १४३०४९२८९.०० | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| १७. | आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यलयले सशर्त अनुदान तर्फ रु २०४७९२०००। निकासा गरेकोमा रु १४९९५८८९१।८८ खर्च भई बाँकी रहेको रु ५४८३३१०८। मिति २०७६।८।२५मा बेरुजु बापत संघीय सञ्चितकोषमा दाखिला गरेको छ । कायालयले सशर्त अनुदानको फिर्ता गर्नुपर्ने रकम नियमानुसार समयमै फिर्ता गर्न ध्यान दिनु | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | पर्दछ । | |
| १८. | **कन्टिजेन्सी खर्च :** अर्थ मन्त्रालयको ०७०।१।१४ को परिपत्र बमोजिम नगरपालिकाले खर्च गर्ने पूँजीगत रकमको ५ प्रतिशत कन्टिन्जेन्सी मध्ये २ प्रतिशत पूजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले पुँजीगत खर्चको ३ प्रतिशत कन्टिनजेन्सी वापत रु.४३१८३६७०० खर्च गर्दा पूँजीगत र चालु खर्च अर्थात वर्क स्टाफ चार्ज र अन्य साना तिना खर्च भनी छुटयाएर स्पष्ट अभिलेख नराखेको र उक्त खर्च नापी कितावमा समावेश नगरी बजेट खर्च लेखेको विवरण पेश भएको छ। अर्थ मन्त्रालय तथा सडक विभागले गरेको परिपत्र समेतलाई आधार लिई कार्यविधि बनाई खर्च गर्नुपर्नेमा कार्यविधि नबनाई खर्च गर्ने गरेको नियमसम्मत देखिएन । अत: सम्बन्धित योजनासंग आवद्ध गरी नापी कितावमा चढाई बर्क स्टाफ चार्जमा १.५ प्रतिशत र अन्य सानातिना खर्चमा १.५ प्रतिशत अनुपात मिलाई नियमसंगत र पारदर्शीरुपमा खर्च गर्नु पर्दछ । | |
| १९. | **निर्माण कार्य :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सोवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वब परियोजनाको मूख्य उदेश्यनै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता , समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिन उल्लेख छ । नगरपालिकाले अधिकांश योजनाहरु उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत नदेखिएकोले प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जानेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २०. | **बीमा :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सडक निर्माण, भवन निर्माण , बिद्युतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरि प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २१. | **गुणस्तर परीक्षण** :सार्वजनिक खरिद नयमाबली ,२०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| २२. | **सवारी साधन खरिदको विवरण:-** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दिर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिई खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष २ वटा मोटरसाईकल र १ वटा जिप जम्मा रु ७४९८०००।मा खरिद गरेको छ । नेपाल सरकार लाई दिर्घकालिनरुपमा सवारी चालक , इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमती नलिई खरिद गर्नेकार्य नियमसंगत भएन । | |

| क्र. सं | सवारी साधन | यस बर्ष खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | २ थान | ४२८०००.०० | २ जना | गत बर्ष खरिद र पुरानो समेत २४ वटा रहेको |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>हार्डटप स्कारपियो</td><td>१ थान</td><td>७०७००००.००</td><td>नगर प्रमुख</td><td>२ सरकारी र १ वटा</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७४९८०००.००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.</td><td>धरौटीः-धरौटीआय रु ४६६५२०८।५०मा यो वर्ष फिर्ता रु.९३१७५०।०० भई रु३७३३४५८।५० मौज्दात वाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष अनुसार आयु वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा ल्याएको, धरौटी राख्नेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरीनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>उपभोक्ता समितिको कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधित कागजातमा उल्लेखित विवरण स्पष्ट गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><u>बहुक्षेत्रिय पोषण कार्यक्रम :-</u></td><td></td></tr>
<tr><td>२५.</td><td>२७-२०७६।३।३१, १००० दिनका आमाहरुलाई हाँस पालन सम्बन्धी तालिमका लागी सह संयोजक सुरेन्द्र भारतीले लिएको पेश्की रु २८८०००। फछ्यौट गर्दा तालिममा सहजिकरण गर्ने सहजकर्ताहरुलाई भत्ता बितरण गर्दा वडा नं. ९, १० ,११ र १२ मा सह संयोजक सुरेन्द्र भारतीले आफनै नाम २ पटक उल्लेख गरी ४ वटै वडामा कर कट्टी गरी रु १३५००।०० का दरले रु ५४००।०० दोहोरो भत्ता लिएको देखियो । दोहारो भत्ता सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>५४००.००</td></tr>
<tr><td></td><td><u>राष्ट्रपति चुरे संरक्षण कार्यक्रम तर्फ :-</u></td><td></td></tr>
<tr><td>२६.</td><td>३-२०७६।३।८, आयकर ऐन २०५८ को नियम ८८ र ८९ अनुसार भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जग्हा नदी नियन्त्रण उ.स. वडा नं. १ अध्यक्ष श्री ओम प्रकाश गुर्मछानलाई बिल भरपाई अनुसार भुक्तानी गर्दा पेश भएको बिल भरपाईमा ज्यामी खर्च रु १०३२०००। मा डोर हाजिर स्वीकृत नभएको र नियमानुसार कट्टा गर्नुपर्ने १ प्रतिशत सा.सु. कर रु १०३२०। कट्टा नगरेकोले सा.सु. कर असुलउपर गर्नुपर्ने रु</td><td>१०३२०.००</td></tr>
<tr><td>२७.</td><td>कार्यसम्पन्न प्रतिवेदन : सार्वजनिक खरिद नियमावलि २०६४, को नियम ९७(११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपाँस गराई निर्माण कार्यको सर्भे , डिजाइन, लागत अनमान, सुपरिक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले राष्ट्रपति चुरे तराई संरक्षण कार्यक्रम अन्तर्गत गरेको निम्न निर्माण कार्यहरुको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>आयोजनाको नाम</th><th>कार्यसम्पन्न अंक</th></tr>
<tr><td>३-२०७६।३।८,</td><td>जग्हा खोला नियन्त्रण वडा नं. १ ( जँघा खोला नियन्त्रण उ.स. अध्यक्ष ओम प्रकाश गुर्मछान )</td><td>४४३१०००.००</td></tr>
</table>
</td><td>१३७६१११६.८१</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४-२०७६।३।२७,</td><td>नदी तथा खोला स्थीरीकरण तथा व्यवस्थापन वडा नं. १ - जँघा खोला तटवन्ध निर्माण उ.स. अध्यक्ष, भक्त बहादुर सुसलिङ्ग)</td><td>४५५०७३२.८७</td></tr>
<tr><td>५-२०७६।३।३१,</td><td>नदी तथा खोला स्थीरीकरण तथा व्यवस्थापन वडा नं. ३ ( जँघा खोला तटवन्ध निर्माण उ.स. अध्यक्ष , नन्द कुमार बैठा धोवी )</td><td>४७७९३८३.९४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३७६१११६.८१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८.</td><td>५-२०७६।३।३१, सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ (१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाकटर बाट गराउन सकिने छैन । कुनै कारणबस सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कामको सुचना सार्वजनिक निकायलाई दिनु पर्ने छ । त्यसरी सुचना प्राप्त भए पछि सार्वजनिक निकायले सो समबन्धी आवश्यक जाँच गरी सो समिति वा समुदायसंग भएको सम्झौता तोडी बाँकी काम अर्को प्रकृया गरी गराउनु पर्ने व्यवस्था छ । जंघा खोला तटबन्ध निर्माण उ.स. ( अध्यक्ष श्री नन्दु कुमार बैठा धोबी ) ले पाएको निर्माण कार्य उ.स. आफैले नगरी गौशाला कन्सट्रकसन, गौशालाबाट रु ४३१८४३०। को काम गराएको देखियो। यसरी नियमानुसार माथि उल्लेखित प्रकृया नअपनाई सोझै कन्ट्रकसनबाट काम गराई बिल पेश गरेको अनियमित रु.</td><td>४३१८४३०.००</td></tr>
<tr><td>२८.१</td><td>५-२०७६।३।३१, जँघा खोला तटबन्ध निर्माण उ.स. ( अध्यक्ष श्री नन्द कुमार बैठा धोवी)ले गरेको निर्माण कार्य आफैले नगरी गौशाला कन्ट्रकसनबाट मु.अ.कर सहित रु ४३१८४३०।६० को काम गराएको बिल पेश गरी भुक्तानी लिएको देखियो । कार्यालयले गरेको मु.अ.कर बिलको भुक्तानीमा गौशाला कन्सट्रकसनलाई रु ४९६८१०।६० भुक्तानी गरेको मु.अ.करको समायोजन प्रमाण पेश गर्नुपर्ने रु</td><td>४९६८१०.६०</td></tr>
<tr><td></td><td>झुलेङगे पुल क्षेत्रगत कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>२९.</td><td>५-२०७६।३।२७, सार्वजनिक खरिद नियमावली २०६४ के नियम ९७ (१) अनुसार १ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था छ । कार्यालयले न.पा. वडा नं. ६ को गौशाला निर्माण कम्पनीले ठेक्का लिने झुलुङगे पुल उ.स. ( अध्यक्ष : जितेन्द्र कुमार साह ) लाई रु १००२८४३२६।०२ मा सम्झौता गरी निर्माण कार्य गर्न कार्यदेश दिएको देखियो । एक करोड भन्दा बढी्को निर्माण कार्य उपभोक्ता समितिबाट गराउने कार्य अनियमित देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>नगरपालिकाले गौशाला झुलुङगे पुल उपभोक्ता समिती ले गरेको सम्झौता अनुसार कार्यालयले रु १,००,२८,४२६।०२ को ३० प्रतिशत रकम रु २७,०४,०९०। पहिलो किस्तारकमको रुपमा अनुदान भुक्तानी गरेको छ । कार्यालयले भुक्तानी गरेको पहिलो किस्ता रकम बराबरको प्राविधिक मुल्यांकन सहितको बिल भरपाई पेश नभएकाले पेश्की कायम गरी असुल फछ्र्यौट गर्नुपर्ने रु</td><td>२७०४०९०.००</td></tr>
<tr><td></td><td><u>एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम तर्फ :</u></td><td></td></tr>
<tr><td>३१.</td><td>५-२०७६।३।२७, आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयका स्वास्थ्य संयोजक राज किशोर रायलाई २६ औ विश्व स्तनपान सप्ताह कार्यक्रम सञ्चालन गरे वापत जम्मा रु ३९८००। भुक्तानी गरेको मा खर्चको जम्मा बिल भरपाई रु ३०२५०। का मात्र भएकोले बिल भरपाई भन्दा बढी भुक्तानी सम्बन्धीत बाट असुलउपर गर्नुपर्ने रु</td><td>७५५०.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>३२.</td><td>३३-२०७६।३।०५, आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयका स्वास्थ्य संयोजक राज किशोर रायले रु २४३००। को पेश्की फछ्यौट गर्दा जम्मा रु २३५०१५। को बिल भरपाई मात्र पेश गरेको ले खर्च भन्दा बढी भुक्तानी रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>७९८५.००</td></tr>
<tr><td>३३.</td><td>अनुगमन भत्ता : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा कुनै प्रशासकिय जिल्लाको सदरमुकाममा रात बिताउनुपर्ने गरी खटिएको स्थान देखि १५ कि.मि भित्र आफ्नो वा आफ्नो परिवारको नाममा स्थायी बसोवास भएको पदाधिकारी वा कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता र होटल बास खर्च र टेण्डर खोलेको भत्ता र बैठक भत्ता नपाउने व्यवस्था छ । नगरपालिकाले नगर क्षेत्र भित्र सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन गरेको भनि नगर प्रमुख, उपप्रमुख, सदस्य तथा कर्मचारीहरुलाई निम्नानुसार रु १८८२८७.५० अनुगमन भत्ता भुक्तानी गरेको देखियो । नगरपालिकाको कार्यक्रमहरु प्रभावकारीरुपमा भए नभएको अनुगमन, निरीक्षण गर्नुपर्ने नियमित कार्यमा नगर क्षेत्रमा खटिएका पदाधिकारीलाई अनुगमन भत्ता बैठक भत्ता दिन नमिल्ने हुँदा यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ । नियममा व्यवस्था नभएको भत्ता कर कट्टी बाहेक सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>अनुगमन भत्ता(कर बाहेक)</th></tr>
<tr><td rowspan="3">५१-०७६।३।३१</td><td>कुष्ठ रोग नियन्त्रण कार्यक्रमको सुपरभिजन बापत नगर प्रमुख ,उपप्रमुख र कर्मचारीले लिएको बैठक भत्ता</td><td>३५०००.००</td></tr>
<tr><td>कुष्ठ रोग नियन्त्रण कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्यचौकीमा सुपरभिजन बापत कर्मचारीले लिएको बैठक भत्ता</td><td>२८६८७.५</td></tr>
<tr><td>कुष्ठ रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सञ्चारकर्मी तथा नगरपालिकाको कर्मचारी समेत १२ जनाले एक दिनको यातायात खर्च लिएको</td><td>५६००.००</td></tr>
<tr><td>-</td><td>बैठक नं. १ मिति २०७५ आश्विन ११ गतेका दिन शा.अ. श्री गोपालनाथ श्रेष्ठज्युको अध्यक्षतामा न.पा.को आ.व. ०७५।७६ जंघा,ढोलन,बाँके र मडाहा खोला दर्ता भएका टेन्डर खोल्न बैठक भत्ता वापत</td><td>७६५०.००</td></tr>
<tr><td>-</td><td>बैठक नं.३ मिति २०७५ भाद्र ०३ गतेका दिन उप प्रमुखको श्री आशा लामाज्यूको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समितिको विविध विषयको छलफल गर्न वापत</td><td>६८००.००</td></tr>
<tr><td>-</td><td>बैठक नं.४ मिति २०७५ भाद्र ०७ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समितिको विविध विषयमा छलफल गर्न वापत</td><td>५१००.००</td></tr>
<tr><td>-</td><td>बैठक नं.१ मिति २०७५ श्रावण २० गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समितिको विविध विषयमा छलफल गर्न वापत</td><td>५९५०.००</td></tr>
<tr><td>-</td><td>बैठक नं.२ मिति २०७५ श्रावण २८ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समितिको विविध विषयमा छलफल गर्न वापत</td><td>१०२००.००</td></tr>
<tr><td>-</td><td>मिति २०७५ भाद्र २५ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले बजार अनुगमन गरेबापत</td><td>५९५०.००</td></tr>
<tr><td>-</td><td>मिति २०७५ भाद्र २१ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले बजार अनुगमन गरेबापत</td><td>६८००.००</td></tr>
</table>
</td><td>१८८२८७.५०</td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| - | मिति २०७५ भाद्र २० गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले बजार अनुगमन गरेबापत | ६८००.०० |
| - | मिति २०७५ भाद्र २१ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले विविध विषयमा छलफल गर्न वापत | १०२००.०० |
| - | मिति २०७५श्रावण २० गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले विविध विषयमा छलफल गर्न वापत | १०२००.०० |
| - | मिति २०७५ आश्विन२३ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले बजार अनुगमन वापत | ९३५०.०० |
| - | मिति २०७५ आश्विन२२ गतेका दिन उप प्रमुख श्री आशा लामाज्यूको संयोजकत्वमा बजार अनुगमन टोलिले बजार अनुगमन वापत | ७६५०.०० |
| - | मिति २०७५ श्रावण ४ गतेका दिन आ.ले.पा.श्री रामेश्वर प्रसाद घिमिरेज्यूको न.पा. आ.व. ०७५।७६ कान्ति बजार र जमुनिया बजार ठेक्का बन्दोवस्त गर्न दर्ता भएका टेन्डर खोली मूल्यांकन गर्न बैठक वापत | ५९५०.०० |
| - | मिति २०७५ श्रवण ७ गतेका दिन नगरपालिकाका नगर कार्य पालिकाको राजश्व परामर्श समितिको बैठक भत्ता वापत | १०२००.०० |
| - | मिति २०७५ श्रावण ०१ गतेका दिन आ.ले.पा. श्री रामेश्वर प्रसाद घिमिरेज्यूको न.पा. आ.व. ०७५।७६ कान्ति बजार र जमुनिया बजार ठेक्का बन्दोवस्त गर्न दर्ता भएका टेन्डर खोली मूल्यांकन गर्न बैठक वापत | १०२००.०० |
| | जम्मा | १८८२८७.५ |

३४. **बैठक भत्ता :** प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ ले बैठक भत्ताको व्यवस्था गरेको छैन । नगरपालिकाले निम्नानुसारको भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई रु ४५०२२५। बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको भत्ता भुक्तानी रकम कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु. — ४५०२२५.००

| गो.भौ.नं.र मिति | विवरण | रकम (कर बाहेक) |
|---|---|---|
| १४।०७६।३।३१ | बाल क्लब गठन तथा सञ्चालन सम्बन्धी बैठकमा नगरउपप्रमुख तथा ५ जनाकर्मचारीले २दिनको प्रतिदिन रु१०००का दरले लिएको भत्ता | १०२००.०० |
| ११-०७५/६/२१ | २०७५श्रावण ३० गते गौशाला नगरपालिकाको सुचना तथा संचार प्रविधि सम्बन्धी १ दिने तालिममा उपस्थित भएवापत बैठक भत्ता | ३४०००.०० |
| १४-०७५/६/२१ | २०७५ जेठ ११ गते नगरपालिकाको लागि जिप खरिदका लागि गरिएको बोलपत्र टेन्डर खोल्दाको भत्ता | १२७५०.०० |
| १०-०७५/६/२१ | ०७५।२।१५ गतेको भरपाई गत आ.व. २०७४।७५ नगर कार्यपालिकाको १९,२०,२१,२२,२३, २४ बैठकको भत्ता २३ पदाधिकारीलाई भुक्तानी | १९२५२५.०० |
| १०-०७५/६/२१ | ०७४।७५ को नगर कार्यपालिकाको १९ देखि २४ औं बैठकसम्मको ११ कर्मचारीलाई भत्ता भुक्तानी | २९७५०.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १०-०७५/६/२१ | ०७४।७५ को नगर कार्यपालिकाम उपस्थित भए वापत रु.१५००। दैनिक यातायात भत्ता दरले ७ बैठकको वडाध्यक्ष रामबाबु साह, महेश प्रसाद सिंह, कृष्ण बहादुर वि.क.लाई जनही रु.१२०००। दरले र का.स. अनुपिया देवी र ललिता कुमारीलाई रु.१६००। दरले ५ दिनको जनही रु.८०००। दरले यातायात भत्ता लाग्ने र दिनुपर्ने आधार स्पष्ट नभएको | ५२०००.०० |
| २९२-०७५/१२/५ | स्थानीय समन्वय समितिको अपाङता परिचय पत्र वितरण कार्यक्रमको बैठक भत्ता नगर उप प्रमुख २ पदाधिकारी प्रमुख समेत र ११ कर्मचारीलाई भुक्तानी गरेको | ७९०५०.०० |
| ३००-०७५/१२/५ | आ.व. २०७४।७५को कार्यपालिकाको २५,२६,२७,२८,२९ ३० र ३१ औं बैठकको ११ कर्मचारी रु.३५०००। मा कर कट्टा गरी रु.२९७५०। भत्ता भुक्तानी लिई सकेकोमा पुनः प्र.प्र.अ.गणेश प्रसाद अर्याललाई रु.५०००। शा.अ. गोपालनाथश्रेष्ठलाई रु.६०००। - पहिलोरु.४५००) , ले.अ. गणेश गुरुङ लाई रु.२०००। - पहिले रु.३०००। ) , ना.सु. उमा काफ्लेलाई रु.१०००। ले.पा. प्रविण कुमार महत्तो रु.१०००। - पहिले रु.३०००। ) , रंजित कुमार वर्मा , सु.अ. लाई रु.२०००।, ना.सु. रेखा सुवेदीलाई रु.६०००। - पहिले ६ दिन रु.९०००) , स.ले.पा. अर्जुन खत्रीलाई रु.२०००।, किरण मेस्त्रलाई रु.२५००। र सुरज मेस्तरलाई रु.५००। - पहिले रु.१०००। भुक्तानी गरेको | २३८००.०० |
| ३०१-०७५/१२/५ | नगर उप प्रमुख सहित ६ जना पदाधिकारी र २ आमन्त्रित कर्मचारीलाई ०७५।९।२५ र २६ को बजार अनुगमन टोलीको बैठक भत्ता | १६१५०.०० |
| जम्मा | | ४५०२२५.०० |

| | | |
|---|---|---|
| ३५. | **७-०७६।३।२०:** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम जिन्सी मालसामानको दाखिला जिन्सी खातामा गरेर मात्र त्यस्ता सामानको खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको टियोसेन्टी र सुडान १९५० कि.ग्रा. घाँसको बिउको बिल बमोजिम रु३७२०००।को जिन्सी दाखिला नगरेको देखियो । यसरी जिन्सी खातामा दाखिला नगरेमा जिन्सी सामानको परिणाम र खर्च मूल्याङ्कन गर्न नसकिने र सामानको दुरुपयोग हुनसक्ने देखिन्छ । कार्यालयले जिन्सी दाखिला गरी जिन्सी दाखिला गरेर मात्र खर्च गर्न ध्यान दिनु पर्दछ । | |
| | **स्थानिय पुर्वाधार विकास साझेदार कार्यक्रम तर्फ :** | |
| ३६. | **३-२०७६।३।२७**, गौशाला वडा नं. ११, धननारायण टोलमा खानेपानी योजना (अध्यक्ष : भिम बहादुर श्रेष्ठ ) को प्राविधिक मूल्याँकन अनुसार पाईप जडानको कार्य २५२० मिटरको भएको तर उपभोक्त समितिले बिलभरपाई पेश गर्दा २७०० मिटर पाईप खरिद गरेको देखिएकोले बढी पाईप खरिद गरेको १८० मिटरको को प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु | ५८९५०.०० |
| ३७. | **४-२०७६।३।३१,** रामनगर र बेलगाछी खानेपानी टंकी निर्माण र पाईप जडान कार्यको बिलभरपाई पेश गर्दा शिवम गिटी, बालुवा वासिङ सेन्टरको बिजक नं. १८५७,१९९७,१९९८ र १९९६ बाट जम्मा रु ४४६५०। को गिटी बालुवा खरिद गरेकोमा प्यान बिल जारी गरेको देखियो । आयकर ऐन २०५८, को दफा ८८ र ८९ अनुसार कट्टा गर्नुपर्ने १० प्रतिशत बहालकर कट्टा नगरेकोले कर असुलउपर गर्नुपर्ने रु | ४४६५.०० |
| ३८. | **५-२०७६।३।२१,** मनहर्वा आधारभुत विद्यालय भवन निर्माण कार्य वडा नं ७ ( उ.स. अध्यक्ष कुशेश्वर साह ) को पेश गरेको बिल भरपाई अनुसार नितेश ईट्टा उद्योग (प्यान नं. ३०५६८१६३५) बाट रु १६००००। को ईट्टा खरिद गरेकोमा मू.अ.कर बिजकमा बिजक नम्वर उल्लेख नभएको पाईयो । मू.अ.कर बिजकमा समावेश मू.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु | २०८००.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | **सशर्त अनुदान शिक्षा तर्फ :-** | |
| ३९. | **बिद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेडर बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालायगत निकासा खाता अद्याबधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालायगत स्थिती स्पष्ट हुन सकेन । अत बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफटवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ । | |
| ४०. | **बढी निकासा :** आर्थिक कार्यविधि नियमावली २०६४ , को नियम ३६(३) र ३६(८) म बजेट खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक बर्षमा गरेको बिद्यालयगत निकासामा निम्न बिद्यालयहरुलाई रु १४६१५३८।५२ निकासा बढी गएको देखिऐकोले बढी निकास रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | १४६१५३८.५२ |

| क्र.स. | बिद्यालयको नाम | विवरण | बढी निकासा रकम |
|---|---|---|---|
| १ | श्री जनता मा.वि. निगौल | प्रा.वि. शिक्षक ललन साह र बिनोद प्रसाद यादवको १३ महिना को एक ग्रेड बढी | २०३५८.०० |
| २ | श्री रा.उ.मा.वि. कान्तिबजार गौशाला | का.स. बिजय कुमार महतो र राम किसुन महतोको पहिलो चौमासिकमा महगी भता निकासा | १६०००.०० |
| ३ | श्री रा.उ.मा.वि. कान्तिबजार गौशाला | मा.वि. राहत शिक्षक राज किशोर सिहंको तलव भता रोक्का भनेर तेस्रो चौमासिक मा एक मुस्ट रुपमा श्रावण देखि चैतसम्म ९ महिना को निकासा गएको तर पहिलो र दोश्रो चौमासिकमा पनि निसाका गएको ले दोहरो निकास भएको | ३२३०००.०० |
| ४ | श्री रा.उ.मा.वि. कान्तिबजार गौशाला | ल्याव टेकनिशियन सुनिल कुमार महतो को श्रावण देखि पौष सम्मको निकासा दोस्रो चौमासिकमा निकासा गएको र फेरी तेस्रो चौमासिकमा प्रथम चौमासिक र चाँड पर्व खर्च छुट भनि निकासा गएको ले दोहोरो निकासा | ११८८५०.०० |
| ५ | श्री रा.उ.मा.वि. कान्तिबजार गौशाला | तेस्रो चौमासिकको बैशाखमा जम्मा माग गरेको रु १०५०५०३।३३ र निकासा गएको रु१०७५५२१।४६ बढी भएको निकासा रु | २५०१८.१८ |
| ६ | श्री रा.उ.मा.वि. कान्तिबजार गौशाला | अस्थायि शिक्षक विजय कुमार साहको नियुक्ति मिति २०७५।११।२५मा भएकोमा तेस्रो चौमासिक निकासा मा ५ दिनको तलव भत्ता बढी निकासा | ७७६३.३३ |
| ७ | श्री मा.वि. भरतपुर खोर | दोस्रो चौमासिक मा निकासा माग गरेको रु २३६१९१९।४० तर निकासा गएको रु २७१२८७३।४१ , बढी भएको निकास रु | ३५०९५४.०१ |
| ८ | श्री मा.वि. निगौल | दोस्रो चौमासिक मा निकासा माग रु १७२७१२१। र निकासा गएको रु २३३९०५६।६२ बढी निकासा रु ६११९३५। मा नि.मा.वि. अस्थायी शिक्षक युगाल किशारे यादव र प्रा.वि. अस्थाई शिक्षक लिला देवी साहको माघ र फाल्गुन को निकासा रु ९९३४०। छुट भएकोले छुट निकासा रकम घटाई बढी निकासा रु | ५१२५९५.०० |
| ९ | श्री निगौल सामुदायिक सिकाई केन्द | १३ महिनाको एक जनाको तलव रु७८०००।०० र केन्द्र व्यवस्थापन खर्च रु २२०००। गरी जम्मा | ४३५००.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | रु १००००००० माग गरेकोमा रु १४३५००। निकासा गएको ले बढी निकासा रु | |
| १० | श्री फुल्काहा सामुदायिक सिकाई केन्द | १३ महिनाको एक जनाको तलव रु७८००० र केन्द्र व्यवस्थापन खर्च रु २२०००। गरी जम्मा रु १००००० । माग गरेकोमा रु १४३५००। निकासा गएको ले बढी निकासा रु | ४३५००.०० |
| | | जम्मा | १४६१५३८.५२ |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ४१. | **२७-२०७६।३।२९,** नगरपालिका भित्र संचालित प्राविधिक धारका बिद्यालय श्री त्रिभुवन मा.वि. गौशाला र श्री रा.मा.वि. कान्तिवजारका प्रशिक्षण सहायक १ जना को २ वटै बिद्यालयको तलव भत्ता बिद्यालयहरुको चौमासिक निकासासंगै अनुदान रकम बाट कट्टा हुने गरी प्रत्येक बिद्यालयलाई रु ३१२२१०। निकासा भएको छ । अनुदान बापत को रकम निकासा पठाउदा उक्त रकम कट्टा नगरी पुरै अनुदान रकम रु ६८२६३०। दुवै विद्यालयलाई निकासा पठाईएकोले रु३२१२१०। का दरले दुबै बिद्यालयको बढी निकासा रु ६२४४२०। सम्बन्धित बिद्यालयहरुबाट असुलउपर गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु | ६२४४२०.०० |
| ४२. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । कार्यालयले स्वीकृत बजेट अनुसार निम्न विद्यालयहरुलाई विभिन्न कार्य गर्न अनुदान दिएको देखियो । यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको कुनै प्रमाण पेश नभएकोले कार्यालयले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको बिल भरपाई तथा अनुगमन गरी गराई प्रतिबेदन पेश गर्नुपर्ने रु. | ५६११०००.०० |

| गो.भौ.नं. | विद्यालयको नाम | ताकिएको काम | अनुदान रकम |
|---|---|---|---|
| १२-२०७६।२।८ | श्री जन्ता मा.वि. रजखोर गौशाला | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ४६८०००.०० |
| १६-२०७६।३।३ | श्री मा.वि. भेडियाही फुलकाहा | सुचना प्रवधि प्रयोगको लागि सामाग्री खरिद | ४६८०००.०० |
| २६-२०७६।३।२९ | श्री बिरेन्द्र मा.वि. गौशाला | बिज्ञान प्रयोगशाला अनुदान | ४६८०००.०० |
| २९-२०७६।३।३१ | श्री त्रिभुवन मा.वि. गौशाला | सुविधा सहितको शौचालय निर्माण | १००७०००.०० |
| २९-२०७६।३।३१ | श्री मा.वि. बटौवा | दुई कोठे भवन निर्माण | ३२०००००.०० |
| जम्मा | | | ५६११०००.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ४३. | **२७-२०७६।३।२९,** श्री मा.वि.रामनगर, गौशाला लाई क्रमागत ४ कोठे भवन निर्माणको लागि यस आर्थिक बर्षमा रु १८०००००। अनुदान रकम निकासा पठाईएकोमा प्राविधिक मूल्यांकन अनुसार यस वर्ष रु १७४३२००। को काम भएको छ । उक्त कार्यको कुनै बिल भरपाई पेश नभएकोले बिद्यालयमा भएको कामको अनुगमन गरी गराई बिल भरपाई सहित प्रतिवेदन पेश गर्नुपर्ने र प्राविधिक मूल्याँकन भन्दा बढी भुक्तानी रु ५६७९९।३५ खर्चको प्रमाण पेश गर्नुपर्ने रु | ५६७९९.३५ |
| | **आन्तरिक राजस्व तर्फ :** | |
| ४४. | **आय ठेक्का** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सार्वजनिक निकायले दफा २५ वमोजिम न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नुपर्ने र बोलपत्र स्वीकृत गर्न छनौट भएको ७ दिनभित्र बोलपत्रदातालाई आशयपत्रको सूचना दिनुपर्ने र नियम ४७ वमोजिम छनौट भएको बोलपत्रको सम्बन्धमा कुनै उजुरी नआएमा उक्त बोलपत्र स्वीकृत गरी १५ दिनभित्र कार्यसम्पादन जमानत दाखिला गरी सम्झौता गर्न सूचना दिनुपर्ने, प्रथम घटीवालाले सम्झौता गर्न नआएमा दोश्रो र दोश्रो पनि नआएमा तेश्रो घटी कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी सम्झौता गर्न सकिने | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| | व्यवस्था छ ।तर दफा २६ को उपदफा ६ मा बोलपत्रदाताहरुले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द हुने व्यवस्था भएकोमा निम्नानुसार नदीजन्य पदार्थ गिटी,बालुवा, ढुँगा संकलन तथा बिक्री र हाट बाजर सम्बन्धी आय ठेक्कामा बोलपत्र मूल्यांकन समिति अनुसार प्रथम र दोस्रोले बोलपत्रमा धरौटी तथा ग्यारेन्टी कागजात पेश नगरेकोले दोस्रो तथा तेस्रोसंग संझौता गरी कार्य गराउँदा शुरु कबोल अंक भन्दा रु ६०५२३२४.२९ घटीमा आम्दानी गुम्न जाने गरी ठेक्का लगाएको देखियो । बोलपत्रदाताहरु बीच आपसमा मिलोमतो भएको अवस्थामा ठेक्का रद्ध गर्न सकिनेमा नगरपालिकाले त्यस्ता कार्यउपर कुनै बिश्लेषण र कारबाही गरेको देखिएन । बोलपत्रदाताबीच मिलोमतो भए नभएको सम्वन्धमा गहन अध्ययन बिश्लेषण गरी बोलपत्र रद्ध गर्ने सम्मका कारबाही गरी आम्दानी बढाउन ध्यान दिनु पर्दछ । | |

| क्र.स. | ठेक्का नं. | बिवरण | अधिकतम कवोल अंक | स्वीकृत ठेक्का अंक | घटन गएको रकम |
|---|---|---|---|---|---|
| १ | १-०७५।०७६ | गोरु बजार ठेक्का, सुरज निर्माण सेवा क्षिरेश्वर न.पा. ५, धनुषा | ६२५००००.०० | ४९७५५०५.०० | १२७४४९५.९५ |
| २ | ४-०७५।०७६ | मडहा खोला ढुँगा, गिट्टि , बालुवाको ठेक्का जय माँ जल्पा बालुवा गिट्टी वासिङ्ग सेन्टर | १३०३००००.०० | ९५३६६६६.०० | ३४९३३३३.३४ |
| ३ | ३-०७५।०७६ | खसी बाख मासु बजार ठेक्का बिन्देश्वर साह तेली | ४४३००००.०० | ३१४५५०५.०० | १२८४४९५.०० |
| | | | २३७१००००.०० | १७६५७६७६.०० | ६०५२३२४.२९ |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ४५. | ठेक्का नं. ४-०७५।०७६ मडाहा खोलाको ढुङ्गा , गिट्टी, बालुवाको बिक्रि ठेक्काको ठेकेदकार जय माँ जल्पा बालुवा गिट्टी वासिङ्ग सेन्टर ( प्यान नं. ३०२३६२१३०) सँग रु ९५३६६६६।६६ मा ठेक्का सम्झौता भएको छ ।ठेक्का सम्झौता अनुसार ठेकेदारले ठेक्का स्विकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम कार्यालयले असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा हालसम्म १३ प्रतिशतले हुन आउने मू.अ.कर रु १२३९७६६।६७ र १.५ प्रतिशत अग्रिमकर रु १४३०४९। गरी जम्मा रु १३८२०१६।६१ असुल गरेको छैन । तिर्नुपर्ने कर नबुझाई बस्ने उपर कारबाही गरी नियमानुसार लाग्ने व्याज समेत लगाई असुलउपर गर्नुपर्ने रु | १३८२०१६.६१ |
| ४५.१ | कार्यालयले जय माँ जल्पा बालुवा गिट्टी वासिङ्ग सेन्टरसंग गरेको ठेक्का सम्झौता अनुसार ठेकेदारले ठेक्का समयावधि भित्र कवोल रकम रु ९५३६६६६।६६ बुझाउनु पर्नेमा बिभिन्न मितिमा गरी नगद रु ८५३६६६६।०० जम्मा गरेको देखियो । ठेक्का रकम रु १००००००। बाँकी सम्बन्धमा ठेकेदारले जम्मा गरेको धरौटी रु ५०००००। र शुभ लक्ष्मी बालुवा वासिङ्ग सेन्टरले जम्मा गरेको धरौटी रकम रु ५०००००। कार्यालयबाट फिर्ता गर्नुपर्नेको सट्टा ठेकेदारले उक्त फर्मलाई नगद प्रदान गरेको र शुभ लक्ष्मी बालुवा वासिङ्ग सेन्टरको धरौती रकम कार्यालयले आम्दानी गर्नुपर्ने जानकारी राजस्व शाखा हेर्ने कर्मचारी अमरेन्द्र कुमार सिहेंले जवाफ दिएको छ । हाल सम्म उक्त दुवै फर्मको धरौटी रकम संञ्चित कोषमा आम्दानी गरेको दखिएन । अत: दुवै फर्मको नाममा जम्मा रहेको धरौटी रकम धरौटी खातामा खर्च जनाई संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | १००००००.०० |
| ४६. | ठेकका नं. २-२०७५।०७६, खसी बाखा मासु बजार ठेक्का गौशाला न.पा. ४ का बिन्देश्वर साह तेलीले प्राप्त गरेकोमा ठेक्का सम्झौता अनुसार २०७६ असाढ मसान्त भित्र ठेक्का कवोल रकम रु ३१४५५०५। बुझाई सकनुपर्नेमा ठेक्का अवधि भित्र ५ पटकमा रु ५५००००। का दरले रु २७५००००। मात्र नगरपालिकाको संचितकोषमा जम्मा गरेको छ । समयमा कबोल रकम जम्मा नगरेमा बैंक ग्यारेन्टी अनुसार बैंकबाट असुलउपर गरी आम्दानी गर्नुपर्नेमा नगरपालिकाबाट त्यस्तो कुनै प्रयास नगरिएको र हालसम्म पनि कवोल रकम पुरै आम्दानि गरेको दखिएन । ठेक्का कबोल रकम अनुसार ठेकेदारले बुझाउन बाँकी रु. ३९५५०५। मा जरिवाना समेत लगाई सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | ३९५५०५.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ४७. | ठेकका नं. ३-२०७५।०७६, खुदा हाट बजार ठेक्का गौशाला न.पा. २ का प्रमोद कुमार साह तेलीले प्राप्त गरेकोमा ठेक्का सम्झौता अनुसार ठेक्का अवधि भित्र ठेक्का कवोल रकम रु २००००००। बुझाई सकनुपर्नेमा ठेक्का अवधिभित्र जम्मा रु १३९७५१०। मात्र नगरपालिकाको संचितकोषमा जम्मा गरेको र धरौटी बापतकोरु १०००००। आम्दानी गरी हालसम्म जम्मा रु १४९७५१०। मात्र प्राप्त भएको छ । समयमा कवोल रकम जम्मा नगरेमा नगरपालिकाले छानबिन गरी जरीवाना सहीत रकम असुलउपर गर्नुपर्नेमा बाँकीरु ५०२४९०। असुलउपर गरेको देखिऐन । ठेक्का कबोल रकम अनुसार ठेकेदारले बुझाउन बाँकी रु ५०२४९०। मा जरिवाना समेत लगाई सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | ५०२४९०.०० |
| ४७.१ | प्रमोद कुमार साह तली ले खुद्रा हाट बजार ठेक्काका लगि जम्मा गरेको धरौटी रकम रु १०००००। नगरपालिकाले ठेक्का कवोल रकममा आम्दाी गरेको भनेतापनि हालसम्म उक्त धरौटी रकम संचितकोषमा ट्रान्सफर गरी आम्दानी गरेको देखिएन । कार्यालयले उक्त व्यक्तिको नाममा रहेको धरौटी रकम संचित कोषमा जम्मा गरी आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु | १०००००.०० |
| ४८. | ठेक्का नं. ४।२०७५।७६ गुद्री हाटबजार ठेक्का प्रमोद कुमार साह तेली गौशाला-२ सँग रु. १२२५०००। मा प्रदान गरेको छ । सम्झौता अनुसार कवोल रकम रु १२२५०००। मध्ये हालसम्म रु.२०४१६७। मात्र बुझाएको छ । नगरपालिकाले दिएको जवाफ अनुसार वजार भोग चलन गर्न नपाएर ठेक्का प्राप्तकर्ताले ठेक्का रद्द गर्ने निवेदन नगरपालिकामा दर्ता गराएको छ भने जवाफ प्राप्त भएको तर हालसम्म ठेक्का रद्द गरिएको कुनै प्रमाण पेश नभएकोले सम्झौता अनुसार बाँकी रु. १०२०८३३।- सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | १०२०८३३.०० |
| ४८.१ | प्रमोद कुमार साह तेलीले पाएको गुद्री हाटबजारको ठेक्कामा वजार भोगचलन गर्न नपाएर ठेक्का रद्द गर्न निवेदन दिएको जानकारी प्राप्त भएकोमा हालसम्म ठेक्का रद्द नगाएको र सम्झौता अनुसार बुझाउनुपर्ने रकम रु. १२२५०००।- मध्ये रु. २०४१६७।- मात्र बुझाएको रकमको सक्कल भौचर पेश नभएकोले उक्त रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २०४१६७.०० |
| ४९. | प्रमोद कुमार साहको आफ्नो ठेक्का रद्द गर्ने निवेदन दिएको जवाफ प्राप्त भएकोले नगरपालिकाबाट ठेक्का रद्द गरिएमा ठेक्का वापत राखिएको धरौटी रकम रु. ६००००।- जफत गरी संचितकोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ । | |
| ५०. | **२२८-२०७६।३।२३** नगरपालिका वडा नं. १२ पररियामा पाईप खरिद गरी धारा जडान कार्यका लागि वडा सदस्य अनुपिया देवी राउतलाई रु.९७०००।- भुक्तानी गरेकोमा काम भए नभएको कुनै प्रमाण संलग्न नरहेकोले कामको प्राविधिक मूल्यांकन सहितको प्रमाण पेश गर्नुपर्ने रु. | ९७०००.०० |
| | **सामाजिक सुरक्षातर्फ :** | |
| ५१. | आर्थिक वर्ष २०७३।७४ को तेश्रो चौमासिक भत्ता वितरण नगरी २७२।२०१७ अर्थात ०७४।४।८ मा रु.१५,१७,७७३।- सञ्चित कोषमा दाखिला भएकोमा वडा सचिवले पेश्की नलिई बाँकी रहेकोले वडा नं. ६ र वडा नं. ७ का वडाध्यक्षलाई ०७४।११।६ मा निम्नानुसार रु.१५,१७,७७३।- पेश्की दिएकोमा उक्त पेश्की गत आ.व.को प्रतिवेदनमा छुटन गएको भनी भौचर पेश भएको छ । वार्षिक कार्यक्रम अनुसार निर्धारित समयमै जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्ग व्यक्तिलाई भत्ता वितरण गर्नुपर्नेमा हालसम्म वितरण नभएको भनी नगरपालिकाले फछ्र्यौट नगरेको र ३ वर्ष पछि वितरण गर्नुपर्ने आधार र औचित्य नदेखिएको साथै तत्कालिन समयमा भत्ता नपाएको भन्ने कुनै जनगुनासो उजुरी परेको पनि देखिएन । अत :उक्त पेश्कीबाट वितरण भए नभएको सम्बन्धमा छानविन गरी असुल फछ्र्यौट गर्नुपर्ने रु. | १५१७७७३.०० |

| गो.भा.नं. | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|
| १-०७४/११/६ | वडा नं. ६का अध्यक्ष नथुनी राउत | ८२९७७३.०० |
| २-०७४/११/६ | वडा नं. ७ का अध्यक्ष किसुनदेव कुमार | ६८८०००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>१५१७७७३.००</td></tr></table></td><td></td></tr>
<tr><td>५२.</td><td>यस नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंकमा पठाईएको रकम मध्ये बैंकबाट बितरण नभई बाँकी रहेको रकम नगरपालिकाको खातामा रु ५०६८००। देखिएको छ । उक्त रकम संघीय सञ्चितकोषमा फिर्ता दखिला गर्नुपर्ने रु.</td><td>५०६८००.००</td></tr>
<tr><td></td><td>प्राथमिक स्वास्थ्यतर्फ :</td><td></td></tr>
<tr><td>५३.</td><td>बढी ग्रेडको भुक्तानी :स्वास्थ सेवातर्फका कर्मचारी मनोज कुमार सिंहलाई तलवी प्रतिवेदन अनुसार पाउनुपर्ने ग्रेड भन्दा श्रावण देखि माघसम्म ७ महिनाको २ ग्रेड बढी र चार्डपर्व खर्च समेत गरी रु.१६,२७२ र फाल्गुन देखि आषाढ सम्म ५ महिना को ३ ग्रेड बढी रु. ५,०५८।- गरी जम्मा रु. २१,३५७।- र १० प्रतिशत क.स. कोष थप रु. २१३५।- समेत सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.</td><td>२३४९२.००</td></tr>
<tr><td>५४.</td><td>२-०७५।६।२२, मा स्वास्थ्यतर्फका पाचौं श्री सुनिता थापाको आ.व. २०७४।७५ को ग्रेड रकम रु ५०००। आ.व. ०७५।७६ को साउन महिनामा भुक्तानी गरेको देखियो । म.ले.प.फारम नं.१८ प्रमाणित नगराई अधिल्लो आर्थिक वर्षको रकम भुक्तानी गरेकोले असुलउपर गर्नुपर्ने रु.</td><td>५०००.००</td></tr>
<tr><td>५५.</td><td>७६-०७६।१।२३, मंसिर देखि फागुनसम्म सार्वजनिक बिदामा काम गरेको कर्मचारीहरुलाई रु.२,०१,०२८।- भुक्तानी गरेको देखियो । सार्वजनिक विदाको दिनको रकम भुक्तानी गर्दा बिदाको दिन कामगरेको हाजिर यकिन नगरी रकम भुक्तानी गरेकोले उक्त बिदाको दिन काम गरेको आधार प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>१०५।०७६।३।२३,मा प्राथमिक स्वास्थ्यकेन्द्रमा कर्मचारीहरुको सार्वजनिक विदामा काम गरेको कर्मचारीहरुलाई रु. १,९९,११८।- सि.अ.ह.व. श्री धर्मदेही चौधरीलाई एक मुष्ट रुपमा रकम भुक्तानी गरेको देखियो । सार्वजनिक विदाको दिनको रकम भुक्तानी गर्दा बिदाको दिन काम गरेको हाजिर यकिन नगरी रकम भुक्तानी गरेकोले उक्त बिदाको दिन काम गरेको आधार प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कन्टिन्जेन्सी खर्चतर्फ :</td><td></td></tr>
<tr><td>५७.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्दछ । कार्यालयले निम्न अनुसारको भुक्तानीमा बिल भरपाई भन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु
<table>
<tr><td>गो.भा.नं.</td><td>नाम र पद</td><td>भुक्तानी रकम</td><td>विल रकम</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>१३-०७५/६/१९</td><td>नगर प्रमुख शिवनाथ महत्तो</td><td>६००००.००</td><td>५१८००.००</td><td>८२००.००</td></tr>
<tr><td>१८-०७५/६/१९</td><td>चालक राजिन्द्र महत्तो</td><td>३१०००.००</td><td>२५९००.००</td><td>५१००.००</td></tr>
<tr><td>२५-०७५/६/१९</td><td>ना.सु धर्मराज बस्नेत</td><td>२५६३९.००</td><td>२१४६५.००</td><td>४१७४.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११६६३९.००</td><td>९९१६५.००</td><td>१७४७४.००</td></tr>
</table></td><td>१७४७४.००</td></tr>
<tr><td>५८.</td><td>६-०७५।०६।१९, लेखा अधिकृत श्री गणेश गुरुङले वर्दिवास देखि काठमाण्डौ र काठमाण्डौ देखि वर्दिवास जान आउन लाग्ने खर्च रु.७००।- का दरले रु.१४००।- भुक्तानी हुनुपर्नेमा रु.१३५००।- भुक्तानी गरेकोले बढी रकम असुलउपर गर्नुपर्ने रु.</td><td>१२१००.००</td></tr>
<tr><td></td><td>राजस्व तर्फ :</td><td></td></tr>
<tr><td>५९.</td><td>वडा नं. ५ का वडा सचिव शिवनारायण महासेठले ठेली नं. ८८०१ देखि ८८५० सम्मको नगदी असूल गरी बैंक दाखिला गरेको रु.९५३५।- सो रसिद नं.को ठेली पेश नभएकोले असुली रकम यकिन गर्न नसकेकोले उक्त रसिदहरु पेश गर्नुपर्ने रु</td><td>९५३५.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>वित्तिय समानीकरण पुजिगत तर्फ :</td><td></td></tr>
<tr><td>६०.</td><td>९५-०७६।२।३, आर्थिक कार्यविधि निमावली, २०६४ को नियम ३६(३) आवश्यक विल भरपाई राखेर लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । वडा नं. ९ अन्तर्गत सडक मर्मत वापत उपभोक्ता समिति -अध्यक्ष ( बिनोद कुमार साह) लाई रु. २,३८,७००।- भुक्तानी गरेकोमा प्राविधिक मूल्याँकन रु २३८७४९।२२ रहेकोमा बिल भरपाई रु १०७२००।को मात्र संलग्न रहेकोले नपुग बिल भरपाईको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१३१५००.००</td></tr>
<tr><td>६१.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४, को नियम ३६(३)मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको योजनाहरुको भुक्तानी गर्दा भुक्तानी प्राविधिक मूल्याँकन भन्दा घटी बिल उपभोक्ता समितिले पेश गरेकोले छानबिन गरि प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>गो.भा.नं.</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>विल रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२५८-०७६/३/२४</td><td>खानेपानी पाइप जडान</td><td>९२३१०.००</td><td>७२२२३.९५</td><td>२००८६.०५</td></tr>
<tr><td>२७५-०७६/३/२४</td><td>वडा नं. १० र वडा नं. ११ मा सामाजिक सुरक्षा, शौचालय, तथा सरसफाई वापत वडा सचिव श्री भरतसाह</td><td>५०९२५.००</td><td>३२५००.००</td><td>१८४२५.००</td></tr>
<tr><td>२९५-०७६/३/२४</td><td>ढल्केवर पोखरी मर्मत उपभोक्ता समिति</td><td>१०९१८१०.००</td><td>९७०७६५.००</td><td>१२१०४५.००</td></tr>
<tr><td>४१९-०७६/३/३१</td><td>श्री बटौवा पोखरीस्तर उन्नती निर्माण उपभोक्ता समितिका अध्यक्ष श्री मनोज कुमार सिंह</td><td>६१२०६०.००</td><td>३५१०००.००</td><td>२६१०६०.००</td></tr>
<tr><td>९५-०७६/२/३</td><td>वडा नं. ९ अन्तर्गत सडक मर्मत वापत उपभोक्ता समिति -अध्यक्ष (बिनोद कुमार साह) लाई भुक्तानी</td><td>२३८७००.००</td><td>१०७२००.००</td><td>१३१५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५५२११६.०५</td></tr>
</table></td><td>५५२११६.०५</td></tr>
<tr><td>६२.</td><td>१३७-२०७६।२।२९ शिक्षा समितिको निर्णय अनुसार नगरपालिकाको ३२ वटै विद्यालयलाई रु. ३००००।- का दरले रु.९६००००।- अनुदान दिइएको छ । उक्त अनुदान रकमबाट के कति काम भएको कामको बिल भरपाई तथा अनुगमन गरी गराई प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>९६००००.००</td></tr>
<tr><td>६३.</td><td>१११-२०७६।२।१३ नगरपालिकाभित्रमा ५ वटा मदर्शालाई शिक्षा बिकास अनुदान वापत रु.६५०००।- का दरले जम्मा रु. ३२५०००।-निकासा दिएको छ । उक्त अनुदान रकमबाट भएको कामको अनुगमन गरी गराई बिल भरपाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>३२५०००.००</td></tr>
<tr><td>६४.</td><td>११५-२०७५।२।१४ नगरस्तीय बजेटभित्र विकास मार्फत मेन्सुरेसन हाइजीन तथा व्यवस्थापन तालिम वापतको रु.१११५००।- आयुष्मा खडकालाई भुक्तानी भएको छ । निवेदनमा ५ वटा विद्यालयमा तालिम</td><td>३०४३१.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>सञ्चालन गरेको भनी जम्मा रु.८१०६९।- विल भरपाई पेश भएको छ । बिल भरपाई भन्दा बढी भुक्तानी रु.३०४३१।- असुलउपर गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६५.</td><td>१२४-२०७६।२।१९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (क) मा भ्याकसिन तथा गुडडाको औषधी वापतको रकम यादव भेट फर्मालाई रु. २७३०००।- भुक्तानी गरेको विजक नं. १३३।२०७५।११।१८ वाट औषधी खरिद रु.२१३०५०।- संलग्न रहेको तर भुक्तानी रु.२७३०००।- भएकोले बढी भुक्तानी असुलउर गर्नुपर्ने रु.</td><td>५९९५०.००</td></tr>
<tr><td>६६.</td><td>सोझै खरिद :-सार्वजनिक खरिद ऐन,२०६३ के दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा संभव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१) मा रु.५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुनेमा कार्यालयले शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभरनै सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शीरुपमा खरिद गर्नु पर्दछ । सोझै खरिद गरेको अनियमित देखिएको रु
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>आपूर्तक</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१७-२०७५।१०।२७</td><td></td><td>न्यानो झोला खरिद ५५२ थान</td><td>४९४६४१.००</td></tr>
<tr><td>२९-२०७६।२।२७</td><td>परिवर्तन मेडिसिन सप्लायर्स</td><td>औषधी खरिद</td><td>१९९५२९८.००</td></tr>
<tr><td>१२०-२०७६।२।१५</td><td>गौशाला ईन्टरप्राइजेज</td><td>२ थान मोटरसाईकल</td><td>४११८००.००</td></tr>
<tr><td>११९-२०७६।२।१४</td><td>सप्तकृषि सप्लायर्स</td><td>CCTV जडान</td><td>१३१६२२४.००</td></tr>
<tr><td>२२-२०७५।६।२४</td><td>के.एण्ड एस . कन्सल्टेन्सी प्राईभेट लिमिटेड</td><td>Physical Development Plan</td><td>३५७१९३.००</td></tr>
<tr><td>२३-२०७५।६।२४</td><td>स्मार्ट ईन्जिनियरिङ्ग एण्ड डिजाईन सोलुसन प्राईभेट लिमिटेड</td><td>Municipality Trasport Master Plan</td><td>३५०३००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९२५४५६.००</td></tr>
</table></td><td>४९२५४५६.००</td></tr>
<tr><td>६७.</td><td>२५२-२०७६।३।२४, आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं. १० को वडा स्तरीय योजनामा पानी टयाँकी जडान गरेको भनी शेष मो. गलिललाई रु ९४०७३। भुक्तानी गरेको छ । उक्त कार्यको प्राविधिक मूल्याँकन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>९४०७३.००</td></tr>
<tr><td>६८.</td><td>२५४-२०७६।३।२४, वडा नं. १० मा सडक मर्मत तथा ग्राभेल कार्यकोलागि उपभोक्ता समितिबाट लागत अनुमान रु ८४२०९०.१६ मा सम्झौता गरी प्राविधिक मूल्याँकन अनुसार रु ६०९२२०। को कार्यसम्पन्न प्रतिवेदन अनुसार ज्यामी खर्च रु ४६९५०। हुनु पर्नेमा डोर हाजिर अनुसार ज्यामी खर्च रु ४७७७५० । भुक्तानी गरेकोले बढी ज्यामीखर्च सम्बन्धमा छानबिन गरी प्रमाण पेशगर्नुपर्ने रु</td><td>४३०८००.००</td></tr>
<tr><td>६९.</td><td>२४५-२०७६।३।२४, २५१-२०७६।३।२४ वडा नं. ४ मा वडा कार्यालयमा काम गरेवापत कम्पयूटर अपरेटर रोशन कुमार साह लाई ५ महिनाको तलव भत्ता भनी रु९१२००। र का.स. सँध्या कुमारी चौधरीलाई ४ महिनाको तलव भत्ता रु ७५०००। भुक्तानी गरेकोमा डोर हाजिरमा रकम बुझेको सहीछाप नभएको र रकम वडा अध्याक्षले बुझेको देखिएकोले सम्बन्धित व्यक्तिले उक्त तलव भत्ताको रकम बुझेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१६६२००.००</td></tr>
<tr><td>७०.</td><td>२२९-२०७६।३।२३, वडा नं. १ को वडा कार्यालयमा अनलाईन घटना दर्ता र कम्पयूटर सम्बन्धी कार्य गरेवापत दिपेन्द्र मान बुर्जालाई रु ७२७५०। भुक्तानी गरेकोमा पेश गरेको डोर हाजिरमा स्वीकृत गर्नेको सहिछाप नभएकोले उक्त रकम सम्बन्धित व्यक्तिले बुझेको नदेखिएकोले भुक्तानी रकमको भरपाई पेश गर्नुपर्ने रु</td><td>७२७५०.००</td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|
| ७१. | **३६३-२०७६।३।२९,** वडा नं. १ इटाटार टोलमा सिन्धुली बालाको घर छेउमा इनार मर्मत गरे वापत भुक्तानी माग गरे अुनसार दिपक कुमार श्रेष्ठलाई रु ७२७५०। भुक्तानी  गरेकोमा काम भए नभएको कुनै प्राविधिक मूल्याँकन नभएको र भुक्तानी रकम वडा अध्यक्ष भिम बहादुर रानाले बुझेको दखियो। भुक्तानी रकम बराबरको काम भएको प्राबिधिक मूल्याँकन सहितको प्रमाण पेश गर्नुपर्ने रु | ७२७५०.०० |
| ७२. | **कर घटी कट्टीः** आयकर ऐन, २०५८ को दफा ८७ , ८८ र८९ मा रोजगारी बापतको पारिश्रमिक ज्याला रु. ४००,०००।०० सम्ममा १ प्रतिशत सामाजिक सुरक्षा कर, मालसामान खरिदको मू.अ.कर बिजकको भुक्तानीमा १.५ प्रतिशत र गिटी, ढुङ्गा, बालुवा, माटोको ढुवानीमा प्यान बिल, भरपाई र डोजर एक्साभेटरको भाडामा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । पालिकाबाट निर्माण कार्य गराई ज्याला,ढुवानी भाडा, डोजर एक्जाभेटरको भाडा र मालसामान खरिद गर्दा उल्लेखित व्यवस्था अनुसार रु ८८८१८०.६९ लाग्नेमा रु १३४७०९.६२मात्र कर कट्टी गरेको देखियो । नियमानुसार अग्रिम कर कट्टी नगरी घटी कर कट्टी गर्दा राजश्व प्राप्तिमा कमि हुन गई सरकारी बजेट तथा कार्यक्रम सञ्चालनमा असर पर्न सक्ने हुँदा कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु. | ७५३४७१.०७ |

| गो.भौ.नं. | विवरण | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|
| ३८-०७५।९।२६ | वडा नं ५ शिवभक्ति सडक ग्राभेल (उ.स. अध्यक्ष : राजेन्द्र सिंह कुश्वाहा ) दोस्रो रनिङ बिल को जम्मा भुक्तानी रु ३१४४०००। मा एकसाभेटर भाडा रु ६४४८००। र ग्राभेल ढुवानी रु ३५०२०००। गरी जम्मा रु ४१४६८००। मा १० प्रतिशत बहाल कर लाग्ने | ४१४६८०.०० | ४७१६०.०० | ३६७५२०.०० |
| ३९-०७५।१०।३ | वडा नं. ६,७ र ९ मा सडक ग्राभेल ( उ.स. अध्यक्ष लालबाबु यादव) कार्यको भुक्तानी रु २७३८२६४।२७ मा एक्साभेटर भाडा रु २३५२५००।-को १० प्रतिशतले बहालकर रु २३५२५०। , अन्य मू.अ.कर बिजकको जम्मा रु ५६२८२१।१९ मा अग्रिमकर १.५ प्रतिशत रु ८४४२।३१ | २४३६९२.३१ | ४१०७३.०० | २०२६१९.३१ |
| ४३-०७५।१२।४ | वडा नं. ४ पक्की नाला निर्माण ( उ.स. अध्यक्ष : राम दिनेश साह) कार्यको भुक्तानी रु ११६९९५७६८ मा ज्यामी खर्च रु ३२६०००। को १ प्रतिशत सा.सु.कर रु३२६०।, मू.अ.कर बिल रु ३६१८८२।मा अग्रिमकर १.५ प्रतिशतले रु५४२८।२३ र बालुवा गिटी भाडा रु २२६०००। को १० प्रतिशत लाग्ने | ३१२८८.२३ | १७७०५.६२ | १३५८२.६१ |
| १७-०७५।९।२६ | जँघा देखि बाके सम्म सडक | १२०१३०.०० | १२७६८.०० | १०७३६२.०० |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | निर्माण (उ.स. अध्यक्ष बसन्त कुमार योञ्जान ) जम्मा भुक्तानी भएको रु८५१२५४। मा ज्यामी खर्च रु ६०३०००। को १ प्रतिशत सा.सु.कर रु ६०३०। र ग्राभेल ढुवानी भाडा रु ११४१०००। मा १० प्रतिशत लाग्ने | | | |
| २४-०७५।६।२५ | वडा नं. १० सडक ग्राभेल कार्य ( उ.स. अध्यक्ष शेष मो जलिल ) जम्मा भुक्तानी रु ४१७०००। मा ग्राभेल ढुवानी रु ४२००००। को १० प्रतिशत बहालकर लाग्ने | ४२०००.०० | ६२५५.०० | ३५७४५.०० |
| ३५-०७५।९।१० | वडा नं. ५ कयाम्पस सटर निर्माण (उ.स. अध्यक्ष विरेन्द्र यादव) जम्मा भुक्तानी रु ६९८८८४।०० मा मू.अ.कर बिजक रु ४२६०१०। मा १.५ प्रतिशत अग्रिमकर रु ६३९०।१५, र ढुवानी भाडा रु ३०००००। मा १० प्रतिशत लाग्ने | ३६३९०.१५ | ९७४८.०० | २६६४२.१५ |
| | जम्मा | ८८८१८०.६९ | १३४७०९.६२ | ७५३४७१.०७ |

| | | |
|---|---|---|
| ७३. | **३३-२०७५।८।४,** आर्थिक कार्यविधि नियमाली २०६४,को नियम ३६(३) मा खर्च लेख्दा बिलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सेवा समाजिक उद्यम महिला सहकारी संस्था लिमिटेड लाई व्युटिशियन तालिम बापत रु ५०००००। भुक्तानी गरेकोछ । व्युटिशियन तालिमको लागत अनुमान रु ३५००००। भएकोमा संलग्न बिल भरपाई रु ३५२२५०। को मात्र रहेको र टिप्पणी आदेशमा पनि रु ३५००००। भुक्तानी दिन भनी आदेश दिएकोमा रु ५०००००। भुक्तानी गरेकोल बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | १५००००.०० |
| ७४. | **१८-२०७५।६।२४,** कार्यालयले वडा नं. ३ का वडा अध्यक्ष बिरेन्द्र चौधरीको सिफारिसमा वडा कार्यालयमा ज्यालादारी कार्यालय सहयोगी नथुनी महतोलाई २०७४ चैत्र देखि २०७५ असोज सम्मको ७ महिनाको तलव भत्ता रु ६७२००। भुक्तानी गरेकोमा म.ले.प.१८ भुक्तानी दिन बाँकीको कच्चवारी नभएको र डोर हाजिरमा सहीछाप नभएकोले भुक्तानी गरेको अनियमित खर्च रु | ६७२००.०० |
| ७५. | **१२-२०७५।६।२४,** कार्यालयले वडा नं. १२ का वडा अध्यक्ष कृष्ण बहादुर बिश्वकर्माको सिफारिसमा वडा कार्यालयमा ज्यालादारीमा कम गरेको कार्यालय सहयोगी जामुन माली र मिना कुमारी देवीलाई २०७४ चैत्र देखि २०७५ असोज सम्मको ७ महिनाको तलव भत्ता रु १०५०००। भुक्तानी गरेको छ । म.ले.प.१८ भुक्तानी दिन बाँकीको कच्चवारी स्वीकृत नगरी गत आ.व.को भुक्तानी अनियमित रु | ६००००.०० |
| ७६. | **२०-२०७५।६।२४,** कार्यालयले वडा नं. १ का वडा कार्यालयमा ज्यालादारीमा कमागरेको कार्यालय सहयोगी हरि बहादुर भुजेल लाई २०७४ चैत्र देखि २०७५ असोज सम्मको ७ महिनाको तलव भत्ता रु १०५०००। भुक्तानी गरेकोमा म.ले.प.१८ भुक्तानी दिन बाँकीको कच्चवारी तयार नगरेको र नगरपालिकाको कुनै निर्णय नभएको अनियमित खर्च रु | १०५०००.०० |
| ७७. | **२१-२०७५।६।२४,** कार्यालयले वडा नं. ११ का वडा कार्यालयमा ज्यालादारीमा कमागरेको कार्यालय सहयोगी भरत ठाकुर हजाम लाई २०७५ बैशाख देखि २०७५ भाद्र सम्मको ५ महिनाको तलव भत्ता रु ७५०००। भुक्तानी गरेकोमा म.ले.प.१८ भुक्तानी दिन बाँकीको कच्चवारी तयार नगरेको र नगरपालिकाको कुनै निर्णय नभएको । मात्र वडाकार्यालयको सिफारीसमा र म.ले.प.१८ बेगर भुक्तानी गरेको अनियमित खर्च रु | ७५०००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.न.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>७८.</td><td>८-०७६।३।२०:आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) मा खर्च लेख्दा बिलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले माछाको भुरा रु.४०५०००।०० मा खरिद गरेको छ । भुक्तानी माग निवेदन अनुसार ११ जना कृषकलाई भुरा वितरण गरेकोमा बुझको भरपाई नभएकोले माछाको भुरा किसानहरुलाई के कति मात्रामा वितरण गरेको सोको प्रमाण पेश गर्नुपर्ने रु</td><td>४०५०००.००</td></tr>
<tr><td>७९.</td><td>४३२-०७६।३।३१ :आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) खर्च लेख्दा बिलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । दोश्रो मेयर कप सञ्चालन गर्न श्रोत व्यक्ति दिपकराज बरालले लिएको पेश्की रु. ६२५०००।- फछ्र्यौट गर्न पेश भएको विल भरपाईमध्ये ४ दिनको खेलकुद कार्यक्रममा २० जना स्वयमसेवकलाई रु.२५०००।- दरले रु.५००००।- , खरिदारा सेराजुल शेषलाई रु. २५००।-, निर्णयक २६ जनालाई रु.८८४००।- र सुरक्षाकर्मीलाई रु. २७००।- समेत रु. १४८०००।- भुक्तानी गरेको देखियो । खेलकुद कार्यक्रममा अत्याधिक मात्रामा स्वयमसेवक र निर्णयक राख्नुपर्ने कारण, आधार स्पष्ट नभएको र कार्यालय नजिकको कार्यक्रममा कर्मचारीलाई दैनिक भत्ता वा अन्य भत्ता दिने कार्य अनियमित भएकोले यस प्रकारका खर्च नियन्त्रण गर्नुपर्दछ । त्रिभुवन मा. वि. गौशालामा भएको कार्यक्रममा कार्यालयका कर्मचारीलाई दैनिक भत्ता दरले भत्ता दिन नमिल्ने हुँदा निम्न कर्मचारीबाट करकट्टी बाहेकरु.२४,२२२।५० र विल भरापाईको जोडजम्मा रु. ५९८२५४।- मात्र भएकोले बढी भुक्तानी रु. २६७४६।- समेत असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>क.सं.</th><th>कर्मचारीको नाम र पद</th><th>भत्ता रकम (कर कट्टी वाहेका)</th></tr>
<tr><td>१.</td><td>प्र.प्र.अ. गणेश प्रसाद आर्याल</td><td>५४४०.००</td></tr>
<tr><td>२.</td><td>शिक्षा संयोजक चन्द्र बहादुर खडका</td><td>५४४०.००</td></tr>
<tr><td>३.</td><td>ले.पा. गणेश गुरुङ</td><td>५४४०.००</td></tr>
<tr><td>४.</td><td>श्रोत व्यक्ति दिपकराज वराल</td><td>५४४०.००</td></tr>
<tr><td>५.</td><td>ख. शेराजुल शेष</td><td>२४६२.५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४२२२.५</td></tr>
</table></td><td>५०९६०.००</td></tr>
<tr><td>८०.</td><td>४३६- ०७५।३।३१ कर्मचारी, कामदार र स्वयम सेविकाहरुको पारिश्रमिक मासिकरुपमा बैकिङ प्रणाली मार्फत भुक्तानी गर्नुपर्नेमा ६३ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई मासिक रु. १५००।- का दरले रु.१८०००।- प्रति व्यक्ति दरबाट रु.११३४०००।- नगद बुझाएको भरपाई संलग्न गरी स्वास्थ्य संयोजक देवेन्द्र प्रसाद यादवको पेश्की फछ्र्यौट गरेको देखियो । नगद वितरण कार्यबाट सम्बन्धितले नपाई नगद हिनामिना हुन सक्ने भएकोले मासिकरुपमा बैंक खातामा पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था गर्नु पर्दछ । आयकर ऐन, २०५८ अनुसार रु. ४००,०००।- सम्मको परिश्रमिकमा १ % सामाजिक सुरक्षा कर लाग्नेमा कर कट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु.</td><td>११३४०.००</td></tr>
<tr><td>८१.</td><td>४३७-०७६।३।३१ : कार्य सञ्चालन निर्देशिका, २०७३ अनुसार कार्यसम्पन्न वापत रु.८००।- र प्रशिक्षण वापत रु. ७००।- समेत रु.१५००।- दरले र विविध खर्च७ दिनसम्मको कार्यक्रममा रु.१०००।- खर्च गर्न सकिने उल्लेख छ । पाँच दिने व्यावसायिक प्राङ्गारिक तरकारी खेती तालिम सञ्चालनको लागि कमला पौडेलले लिएको पेश्की फछ्र्यौट रु.२५००००।- मध्ये २० कक्षाको प्रशिक्षण र कार्यपत्र बापत रु.१५००।- दरले रु.३००००।- हुनेमा रु.४५०००।- र व्यानर प्रमाण पत्र विविधमा रु.१०००।- पाउनेमा रु.७०००।- खर्च लेखेको देखियो । नर्म्स भन्दा बढी खर्च करकट्टी बाहेक असुलउपर गर्नूपर्ने रु.</td><td>१८७५०.००</td></tr>
<tr><td>८१.१</td><td>नगरालिकामा सञ्चालन भएको तालिम, गोष्ठीको कार्यक्रममा अनुगमन भत्ता दिन नमिल्नेमा नगर प्रमुखलाई रु.२०००।- दरले ४०००।- , उप-प्रमुखलाई रु.१५००।- दरले ३०००।-, प्र.प्र.अ.लाई रु.३०००।- र धर्मेन्द्र साहलाई रु.२०००।- समेत रु.१२०००।- भुक्तानी गरेकोमा करकट्टी वाहेक असुलउपर गर्नुपर्ने रु.</td><td>१०२००.००</td></tr>
<tr><td>८२.</td><td>४३७-०७६।३।३१ : कार्य सञ्चालन निर्देशिका, २०७३ अनुसार स्टेशनरी वापत प्रति सहभागी रु.१००।- ले रु.३६००।- केन्द्र खर्च सामाग्री रु.२५००।- र विविध खर्च तुल प्रमाणपत्र आदिमा रु. १०००।- समेत रु.७१००।- खर्च लेख्न सकिनेमा सहकारी तालिम ०७६।३।५ देखि ०७६।३।७ सम्मको लागि कमला पौडेलले</td><td>१०२००.००</td></tr>
</table>

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
| --- | --- | --- |
| | लिएको पेश्की रु.१५०,०००।- फछ्र्यौट गर्दा स्टेशनरीमा रु.७२००।- र व्यानर तुलमा रु.८२००।- समेत रु.१५४००।- खर्च लेखेको देखियो । नर्म्स भन्दा बढी खर्च असुलउपर गर्नुपर्ने रु. | |
| ८२.१ | नगरपालिकाभित्रको तालिम गोष्ठी कार्यक्रममा अनुगमन भत्ता दिन नमिल्नेमा नगर प्रमुख शिवनाथ महत्तोलाई रु.४०००।- , उप-प्रमुख आशा लामालाई रु.३०००।-, प्र.प्र.अ. चन्द्र बहादुर खडकालाई रु.३०००।- र धमेन्द्र साहलाई रु.२०००।- समेत रु.१२०००।- अनुगमन भत्ता दिएको देखिएकोले कर कट्टी वाहेक असुलउपर गर्नुपर्ने रु. | ८३००.०० |
| ८३. | **४३८-०७६।३।३१** भ्याक्सिनेशन कार्यक्रमको १४०००।- पशुमा खोप लगाए वापत रु.२१००००।-पारिश्रमिक र अनुगमन वापत रु.१५०००।- पशु चिकित्सक सुरेन्द्र भारतीलाई भुक्तानी गरेकोमा नगरपालिकाको १५ कि.मि. क्षेत्रभित्र कार्यक्रममा अनुगमन भत्ता दिन नमिल्ने हुँदा असुलउपर गर्नुपर्ने रु. | १५०००.०० |
| ८४. | **३४-०७५।११।७** संघीय सरकार अन्तर्गतको वजेटबाट कार्य सञ्चालन हुने ईलाका प्रहरी कार्यालय गौशालालाई मंत्रालायको सहमती वेगर डेल ब्राण्डको १ थान प्रोजक्टर रु.५१०००।- कम्प्युटर १ थान रु.७६,४००।- र ब्रदर प्रिन्टर १ थान रु.२२,६००।- समेतको विल भरपाई लिई रु.१५००००।- प्रहरी निरीक्षक किशोर आचार्यलाई सोधभर्ना दिएको अनियमित देखियो । संघिय सरकारको कार्यालयलाई प्रोजेक्टर, कम्प्युटर, प्रिन्टर दिन नमिल्ने हुदाँ उक्त सामान फिर्ता प्राप्त गर्नुपर्ने रु. | १५००००.०० |
| ८५. | **३५-०७६।११।१२** राष्ट्रिय आधारभुत विद्यालयले १शिक्षक, १ कम्प्युटर शिक्षक र १ कार्यालय सहयोगीको पारिश्रमिक उपलब्ध गराउन माग गरेको निवेदन संलग्न गरी हाललाई भोलिन्टियरको रुपमा अमन कुमार आलेलाई मासिक रु.१००००।- दरले रु.२००००।- निकासा दिई खर्च लेखेको देखियो । स्थायी दरबन्दीको व्यवस्था नगरी कक्षा अपग्रेड वा थप कार्यक्रम सञ्चालन गरेको आधारमा निजी श्रोतका लागि पारिश्रमिक भुक्तानी दिन नमिल्ने हुँदा असुलउपर गर्नुपर्ने रु. | २००००.०० |
| ८६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० वमोजिम उपनियम४ मा लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुंगा, माटो, गिट्टी, कर्कटपाता तथा इभल्सन, इन्धन, पोलिथिन पाईप, डि.आई. पाईप, स्यानिटकीका सामान, विजुलीका सामान ,जि. आई. वायर र यस्तै अन्य निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपरकणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दर भन्दा बढी नहुने गरी निर्धारण गर्नु पर्दछ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्दा जिल्लाको दररेटलाई आधार मानी जिल्ला दररेट भन्दा घटी वा जिल्ला दररेटमा नबढने गरी दररेट निर्धारण गर्नुपर्नेमा नगरपालिकाभित्र नै उपलब्ध हुने गिट्टी, बालुवा, ग्रावेलको जिल्ला दररेट अनुसार नै दररेट कायम गरेकोले बढी दर कायम भएको र दक्ष तथा अदक्ष श्रमिकको जिल्ला दररेट क्रमशः रु.८५०।- र ६५०।- रहेकोमा रु.८९५।- र अर्धदक्ष कामदारको रु.८००।- ज्यामी दररेट निर्धारण गरेकोले गिट्टी, बालुवा, ग्रावेलको दर घटाउनु पर्ने र कामदारको ज्याला जिल्ला दररेट भन्दा बढी दिन नमिल्ने हुँदा उपभोक्ता समितिलाई बढी भुक्तानी भएको ज्याला रकम असुलउपर गर्नुपर्ने रु. | ४१७८६२.०१ |

| गो.भा.नं. | योजनाको नाम र विवरण | भुक्तानी | जिल्ला दररेट भन्दा बढी भुक्तानी |
| --- | --- | --- | --- |
| ३०९-०७६/३/२५ | वार्ड नं. ९.... विद्यालय विशापुरको अधुरो भवन निर्माण उ.सं. अध्यक्ष श्री रविन्द्र प्रसाद सिंह | ९६८६८०.०० | २६८९०.२४ |
| ३२१-०७६/३/२७ | डुभरवाना देखि कालिपुर बाटोमा कल्भर्ट निर्माण, उ.स. अध्यक्ष उमेश कुमार महत्तो | ६४६७५६.०० | ७३२१.०० |
| ३९३-०७६/३/३१ | वार्ड नं. ३ मा कृषि सडक निर्माण कार्य उ.सं. भुक्तानी | ४७९३५०.०० | १८४९६.७१ |

| सि.नं. | भौ.न.,मिति र विवरण | | | | रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | ३९७-०७६/३/३१ | वार्ड नं. ८ मा पोखरी निर्माण वापत माटोको काम, पि.सि.सि. ढलान, ईटा लगाउने कार्य र प्लाष्टरको काममा रु.१८८७७।८८ र अनुपातिक घटी कट्टी रु.१०१३।१२ समेत( उ.सं. अध्यक्ष महेश कुमार महत्तो) | ६२२५१५.०० | १९८९१.०० | |
| | ४००-०७६/३/३१ | पुरानो बजार पोखरी निर्माण वापत उपभोक्ता समितिलाई माटो खन्ने, ढुंगाको गाह्रो लगाउने लगायत कार्यमा ज्यामी खर्च बढी भुक्तानी | १३५०७६३.०० | २८३६५.०० | |
| | ४०६-०७६/३/३१ | स्वास्थ्यचौकी रामनगरमा बर्थिङ सेन्टर निर्माण कार्यमा उपभोक्ता समितिलाई ज्यामी खर्च बढी भुक्तानी | ९६२२७७.०० | ११४१९.०० | |
| | १५६-०७६/३/२ | वडा नं.१० मदर्साको नाला निर्माण र ढलान कार्यको उ.सं. लाई भुक्तानी | ४८४०००.०० | ७२९६.०० | |
| | २०६-०७६/३/२२ | कृषि सडकमा ग्राभेल र ह्युमपाईपको काम बढी दरले मूल्यांकन रु.१२५५०।२८ को ९२% भुक्तानी उ.सं. अध्यक्षः सान बहादुर श्रेष्ठ | ४८४०९०.०० | ११५४६.२५ | |
| | २०७-०७६/३/२२ | वडा नं.१० वडेर्वा पोखरी मर्मत संभारको मूल्यांकनमा ज्यामी खर्च बढी रु.२६३१७।५५ मध्ये उ.सं.( अध्यक्ष इम बहादुर सारु)लाई ९२ % बढी खर्च | १६४५९००.०० | २४२१२.१५ | |
| | २०८-०७६/३/२२ | लक्ष्मीनीया घर देखि पूर्व तारेचौर आउने सडकमा ग्राभेलिङ कार्यको कार्यसम्पन्न अंक रु.१५७,४३७।१७ मा ग्राभेलको प्रतिघनमिटर रु.४८।९० दरले रु.७५३३।- बढी खर्च देखाएकोले नं.पा. भुक्तानी ९२ % ले बढी | १४४९३७.०० | ६९३०.०० | |
| | २१६-०७६/३/२२ | वडा नं. ११ मा कृषि सडक ग्राभेलिङ कार्यको ग्राभेलको लिड दिन नमिल्ने प्रति घनमिटर ४८।९० ले ५१५।५० घ.मि.को रु.२५१९८।-बढी मूल्यांकन भई न.पा. को तर्फबाट ९२% बढी | ४८४१००.०० | २३१८२.०० | |
| | ३१२-०७६/३/२५ | वडा नं. ८ मा पानी ट्यांकी नजिकको पोखरी निर्माण कार्यको सम्पन्न अंक रु.१३४३,२१५।- मध्ये छडको मूल्य र पि.सि.सि. कार्यमा बढी | ११४५६००.०० | ३४४४.०० | |
| | ३१२-०७६/३/२५ | वडा नं. १० मा कृषि सडक ग्राभेलिङ तथा मर्मत कार्यमा लिड दिन नमिल्नेमा ग्राभेलिङ खरिद तथा ढुवानीको दरमा रु २०।५६ प्रति घ.मि.ले बढी रु.९७७५।७७ को ९२% बढी | ४४७८७०.०० | ८९९४.०० | |

| सि.नं. | भौ.न.,मिति र विवरण | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३३६-०७६/३/२७ | हाकिम सिंह टोलमा सडक ग्राभेल तथा मर्मत कार्यमा माटोको काममा रु.२०.५६ प्रति घ.मि. बढी मूल्यांकन रु.९५५६।७० को न.पा.ले दिने ९२ % ले बढी खर्च | १४४४२०.०० | ८७९२.०० |
| २५६-२०७६।३।२४ | वडा नं. ७ जयपुर, जमुनिया मनहर्वा मनहर्वा सडक मर्मत(उ.स. अध्यक्ष दशरथ चौधरी ) | ७७५०००.०० | ३०८०४.८४ |
| २५५-२०७६।३।२४ | वडा नं. ४ सडक मर्मत तथा ग्राभेल (उ.स. अध्यक्ष मनोज कुमार साह) | ६००३००.०० | १३४७०.०० |
